कटारी नगरपालिका
Katari Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
कटारी, उदयपुर
Katari,Udayapur
स्था. २०७१

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या(Ref.No):- (पशु सेवा शाखा)२०८२/८३
चलानी नं.(Dispatch No.) : १८३१

मिति(Date):२०८२/०९/२०

श्री जो जस सँग सम्बन्धित छ ।

विषयः- बजार दर उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कटारी नगरपालिका, ४ नं. वडा कार्यालयको आ. व. २०८२/८३ को स्वीकृत बाख्रा पालन प्रवर्धन कार्यक्रम सञ्चालन गर्न सार्वजनिक खरिद नियमावलीको नियम ११ उपनियम २ (ख) र (ग) बमोजिम लागत अनुमान तयार गर्नु पर्ने भएकोले तपशिलको मापदण्ड भित्र रहेर यस कार्यालयलाई उपलब्ध गराउन सक्ने जमुनापारि क्रस (५०%) बोको र बाख्रीको प्रति किलो दररेट आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कटारी नगरपालिकाको कार्यालयमा वा PDF Format मा कम्पाइल गरि यस कार्यालयको आधिकारिक ईमेल: ito.katarimun@gmail.com मा पठाउनु हुन सूचित गरिन्छ।

तपशिलः-

| क्र.स. | प्राविधिक पक्ष | मापदण्ड |
|---|---|---|
| १. | खरिद गर्ने स्थान | नेपाल भित्रका व्यावसायिक कृषक वा फर्महरू । |
| २. | जात | जमुनापारी क्रस (५०%) जातका उन्नत बाख्री र बोका। (सप्लायर्सले प्रमाणित गर्ने) |
| ३. | उमेर | ४ महिना देखी १ वर्ष सम्मको दूध छोडेका तर नदाँतिएका (सप्लायर्सले प्रमाणित गर्ने) |
| ४. | उत्पादन विवरण | जन्मदाको तौल कम्तीमा ३-५ किलो वा बडी र स्वास्थ्य पाठा-पाठी मध्यबाट उच्चतम तौल भएको छनौट गरिएको। (सप्लायर्सले प्रमाणित गर्ने) |
| ५. | नाताको विवरण | हाडनाता नभएको हुनुपर्ने। (सप्लायर्सले प्रमाणित गर्ने) |
| ६. | शारीरिक बनोट तथा औसत तौल | चिल्लो हल्लकै बढेको शरीर, लामा च्यापु भन्दा तल झरेको कान (Pendulous Ear), सुँगा नाके (Roman Nose) दुवै गोडा दह्रो तथा सिधा टेक्ने मिलेको फुर्तिलो शरीर।<br>तौल १५-२५ केजी सम्मको हुनु पर्ने छ। |
| ७. | रोगहरू सम्बन्धमा | माऊ बाख्रीमा कुनै पनि प्रकारको प्रजनन् सम्बन्धी तथा अन्य कुनै रोगहरू नभएको हुनु पर्दछ। (सप्लायर्सले प्रमाणित गर्ने)<br>पिपिआर रोग विरुद्धको खोप लगाएको हुनु पर्नेछ। (अभिलेख हुनुपर्ने)<br>जुकाको औषधि खुवाएको रेकर्ड हुनु पर्ने।<br>बाख्राको आँखाको conjunctiva मा anemia नभएको हुनु पर्ने। |
| ८. | भेटेरिनरी प्रमाणपत्र र बिमा | दर्तावाल पशु चिकित्सकद्वारा जारी गरिएको भेटेरिनरी प्रमाणपत्र तथा बिक्रि गरिएको बाख्री-बोकोको बिमाको जिम्मा सम्बन्धित सप्लायर्सको हुनेछ। |

Dr. Sunil Bhattarai
BVSC&AH, AFU
NVC Regd No:/-1898

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
कटारी, उदयपुर
Katari,Udayapur
स्था. २०७१

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या(Ref.No):-(पशु सेवा शाखा)२०८२/८३
चलानी नं.(Dispatch No.) : १५३७

मिति(Date):२०८२/०१/२०

आवश्यक कागजातहरू:-

१. प्यान/भ्याट दर्ताको कागजातको प्रतिलिपि।

२. व्यवसाय दर्ताको प्रतिलिपि।

३. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि।

४. आवश्यक प्राविधिक मापदण्ड भएको बाख्री-बोका के कति संख्यामा मौज्दात रहेको दर्तावाल पशु चिकित्सकद्वारा प्रमाणित कागजातको प्रतिलिपि।

५. फार्मको बाख्री-बोकोहरू राख्ने खोरको रङ्गिन फोटो तथा जग्गाको प्रमाणपत्रहरूको प्रतिलिपि।

2025/03/20
Dr. Sunil Bhattarai
BVSC&AH, AFU
NVC Regd No:/-1898

राजन थापा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner